सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
CDS and Clearing Limited
(An Undertaking of Government of Nepal)

# Global Money Week 2026, 16 to 22 March

## प्रेस विज्ञप्ति

"***Smart Money Talks***" भन्ने नाराका साथ *Global Money Week 2026 (GMW2026)* को पहिलो दिन मिति २०८२ चैत २ गते सिडिएससिको वेभसाईट (www.cdsc.com.np) मा धितोपत्र कारोबार सम्बन्धमा लगानीकर्ताले ध्यान दिनु पर्ने कुराहरु प्रकाशन गरियो । त्यसै गरी, पूर्व निर्धारित कार्यक्रम बमोजिम संग्रिला अर्फानेज हाउसका विद्यार्थीलाई ग्राह्यता दिई संग्रिला इन्टरनेशनल स्कुल, चापाँगाउँ, ललितपुरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा सिडिएस एण्ड क्लियरिङ्ग लि. का प्रबन्ध संचालक/कार्यकारी प्रमुख प्रविन पन्दाकले अध्यक्षता गर्नु भएको थियो भने संग्रिला इन्टरनेशन स्कुलका प्रधानाध्यापक श्री दिपक महर्जन प्रमुख अतिथिको रुपमा, सोही स्कुलका उप प्रधानाध्यापिका शोभा महर्जन, SSP Project Head सुरज अर्याल विशेष अतिथि रहनु भएको उक्त कार्यक्रममा उक्त समूह अन्तर्गत कक्षा ९ विद्यार्थी सहित ५० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा विद्यार्थी बालबालिकाहरुलाई *GMW2026* का साथै पुंजी बजार र सिडिएससिले प्रदान गर्ने सेवाहरु बारे संक्षिप्त जानकारी दिईयो । *GMW2026* अवसरमा आयोजित थप कार्यक्रमहरुको विवरण सिडिएससिको वेभसाइटमा प्रकाशित गरिएको छ ।

**"Digital holding of securities ensures trustworthiness and efficiency"**